तिरहुत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७७७८
चलानी नं. : २६

मिति :२०७७०४।२२

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७०४।२२

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. ०७७७८/PMEP/२३ मिति २०७७०४।१२ को पत्रानुसार यस गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्ज तिरेका रसिद सहित यस कार्यालमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,

(ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर: कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थान:** तिरहुत गाँउपालिकाको कायालय, गोइठी सप्तरी

**३. दरखास्त दिने अन्तिम मिति:** २०७७०५।०४ गते कार्यालय समयसम्म ।

**४.आवेदन दस्तुर:** रु. ४००।०० (अक्षरेपी चार सय मात्र) एन.आई.सी. एसिया तिरहुत शाखाको खाता नं. N3CA00736452401 मा जम्मा गरेको सक्कलै भौचर संलग्न हुनुपर्नेछ ।

**५. छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६. आवदेन साथ संलग्न कागजातहरु:** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम प्रतिलिपिहरु

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लाब्धांक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट फोटो

**७. सेवा सुविधा:** गाउंपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:** गाउंपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

(नोट: आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।)

२०७७।४।२२

निरज कुमार देव